## बुढीगंगा नगरपालिकाका नगरप्रमुख श्री राम बहादुर बानियाँले बुढीगंगा नगरसभाको १४ औं अधिवेशनमा प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०८३/८४ को

# नीति तथा कार्यक्रम


बुढीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुल्देवमाण्डौं, बाजुरा

फोनः ०९७-५९४००२, ५९४००३

वेबसाइट- **www.budhigangamunbajura.gov.np**

ईमेलः **ito.budhigangamun7@gmail.com, budhigangamunbajura@gov.com.np**

आदरणीय नगरसभा उपाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, राष्ट्रसेवक कर्मचारीहरू, लगायत सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू !

१. बुढीगंगा नगरपालिकाको नगरप्रमुखको हैसियतले आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु। यस अवसरमा म नेपालको नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि भएका न्यायपूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

२. नेपालको संविधानले कल्पना गरेको समाजवाद उन्मुख आर्थिक-सामाजिक प्रणाली र नेपाल सरकारले तय गरेको **समृद्ध नेपाल र सुखी नेपाली**को राष्ट्रिय लक्ष्य प्राप्तिका लागि बुढिगंगा नगरपालिकाले अंगिकार गरेको "शिक्षा, स्वास्थ्य, कृषि पर्यटन र पूर्वाधार; सुरक्षित र समृद्ध बुढीगंगा विकासको आधार"को दीर्घकालीन सोच पूरा गर्न प्रतिबद्ध रहेको कुरा दोहोर्याउन चाहन्छु।

३. प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सोह्रौं योजना, दिगो विकासका लक्ष्यहरू, नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारका नीति, कार्यक्रम र योजनाहरू, नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा समावेशी विकासको सिद्धान्त एवम् स्थानीय आवश्यकता तथा नागरिक सुझावमा आधारित रही तर्जुमा गरिएको छ।

४. आर्थिक वर्ष २०८२/८३ मा यस नगरपालिकाले तय गरेका नीति, कार्यक्रम र बजेटमा उल्लेखित कार्यक्रमहरू मध्ये अधिकांश सम्पन्न भैसकेका छन्। केही कामहरू सम्पन्न हुने चरणमा छन् भने केही नयाँ कामहरू सुरुवात भई चालु रहेका छन्।

सभाका सदस्यहरू, अब म यस नगरपालिकाले तय गरेका दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरू प्रस्तुत गर्न चाहन्छु;

**दीर्घकालीन सोचः** "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार; सुरक्षित र समृद्ध बुढीगंगा विकासको आधार"

**लक्ष्यः** सुशासनको प्रत्याभूति हुने गरी कृषि, पर्यटनमा जोड दिदै सामाजिक, आर्थिक र सुरक्षित पूर्वाधारको दिगो विकास सहित नागरिकको जीवनस्तरमा सुधार भएको हुनेछ।

**उद्देश्यः**

- व्यवसायिक कृषि तथा पशुपालन, पर्यटन र उद्योग व्यवसायका माध्यमबाट रोजगारी र आयमा वृद्धि गर्नु
- आधारभूत स्वास्थ्य र सरसफाइ तथा प्रविधियुक्त गुणस्तरीय शिक्षाका माध्यनबाट समावेशी समाजको निर्माण र मानव संसाधनको विकास गर्नु
- वातावरण तथा लैङ्गिकमैत्री दिगो भौतिक पूर्वाधारको विकास गर्नु
- स्थानीय कला संस्कृतिको जगेर्ना तथा सामाजिक सुरक्षाको प्रत्याभूत गर्नु
- संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह गर्नु

सभाका सदस्यज्यूहरू,

अब म आर्थिक वर्ष २०७९/८० देखि  २०८२/८३ को संक्षिप्त प्रगति विवरण पेश गर्न चाहन्छु ।

५. कानुन निर्माणको खडेरीलाई अन्त्य गर्दै यस नगरपालिकाले ६ वटा ऐन, ३ वटा नियमावली, १५ वटा नीतिहरू ५१ वटा कार्यविधि, १० वटा निर्देशिका, २ वटा रणनीति निर्माण गरी ऐन संग्रह प्रकाशन गरेको छ ।

६. नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आ.व. २०७९/८० देखि नै शिक्षक कर्मचारी तलब मासिक रुपमा प्रदान गर्ने गरेको छ भने ७ वटा विद्यालय कक्षा/तह समायोजन गरी शिक्षक दरबन्दी मिलान गरिएको छ । राष्ट्रिय खेलकुद परिषद्को १ महिने प्रशिक्षणमा एक विद्यालय एक खेलकूद शिक्षक गरी जम्मा ३७ जना विद्यालय खेल शिक्षक तयार गरिएको छ ।

७. १५ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको सह-आयोजक भएर बाजुरा जिल्लामै पहिलो पटक विवाद रहित जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डका पदक विजेता विद्यार्थीहरूलाई वर्षेनी पुरस्कार तथा सम्मान प्रदान गर्ने गरिएको छ ।

८. माध्यमिक शिक्षा परीक्षा (एसईई), नगरस्तरीय परीक्षाहरूको अनुगमन गरी परीक्षालाई मर्यादित बनाइएको छ भने शैक्षिक क्यालेण्डर, शिक्षक डायरी, विद्यार्थी गृहकार्य डायरी, निरन्तर मूल्याङ्कन अभिलेख पुस्तिका प्रकाशन गरी विद्यालयहरूलाई हस्तान्तरण गरिएको छ । स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । सामुदायिक विद्यालय शिक्षालाई नवप्रवर्द्धनमुखी बनाउनका लागि ICT ल्याव स्थापना, क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

९. प्रारम्भिक बालशिक्षाका सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको मनोबललाई उच्च राख्न न्यूनतम पारिश्रमिक सुनिश्चित गरी नगरपालिकाबाट अनुदानलाई प्रदान गरिएको छ भने नगर स्तरबाट सञ्चालन गरिने परीक्षाको प्राप्त नतिजाका आधारमा शिक्षक, विद्यार्थी तथा विद्यालयलाई प्रोत्साहन गरिएको छ ।

१०.प्रधानाध्यापकसँग गरिएको कार्यसम्पादन करार सम्झौता कार्यान्वयनका आधारमा प्रोत्साहन गरिएको छ र सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न नियमित प्र.अ. बैठक तथा छलफल कार्यक्रम आयोजना गर्नुका साथै अनुगमन, निरीक्षण तथा पेशागत सहयोगका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

११.विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्नका लागि साझेदार संस्थाहरूको सहयोगमा जम्मा ७  वटा विद्यालयहरूमा सुविधायुक्त भान्छाघर निर्माणको कार्य सुरु गरिएको छ । दिवा खाजा तयार गर्ने सहयोगीलाई दैनिक रु. १०० का दरले प्रोत्साहन रकम उपलब्ध गराइएको छ ।

१२.बुढीगंगा नगरपालिकामा स्थायी बसोबास भएका प्राविधिक क्षेत्रमा उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीलाई आर्थिक सहयोग गरिएको छ भने सामुदायिक विद्यालयमा अध्ययनरत ५०० जना भन्दा बढी विपन्न विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।

१३.युवा तथा विद्यार्थीहरूलाई लागु औषध दुर्व्यशनबाट मुक्त गराउनका लागि विभिन्न शैक्षिक संस्थाहरू, वडाहरुमा औषध दुर्व्यशनी नियन्त्रण सम्बन्धी सचेतीकरण कार्यक्रम, अभियान कार्यक्रम, अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । यसका लागि नेपाल प्रहरी, स्थानीय स्काउट लगायत अन्य सरोकारवालासँग सहकार्य  गरिएको छ ।

१४.निर्माणाधीन बारमतोला खेलमैदानको ११५३० वर्गमिटर जग्गा प्राप्त निर्माण कार्य निरन्तर छ भने मदन-आश्रित स्मृति पुस्तकालयको निर्माण सम्पन्न गरिएको छ । भानोदय मा.वि.मा नमूना विद्यालय कार्यक्रम अन्तर्गत

प्रशासनिक भवन, खेलमैदान, विज्ञान प्रयोगशाला निर्माण गरिएको छ भने पशुपति मा.वि. लाई प्रदेश नमूना विद्यालयका रुपमा विकास गरिएको छ।

१५. बहालीकोट आ.वि.मा २ कोठे, शान्निकोट आ.वि. मा २ कोठे, दुधिर आ.वि. मा ४ कोठे, सिँगाडा मा.वि. मा २ कोठे, धुरालसैन मा.वि. मा ३ कोठे विद्यालय भवन निर्माण भएका छन् भने त्रिशक्ति मा.वि.मा १६ कोठे छात्राबास निर्माण, दुधिर आ.वि. मा विज्ञान प्रयोगशाला, भगवती मा.वि.र थुमा मा.वि. मा विद्यालयमा कम्प्यूटर प्रयोगशाला व्यवस्थापन गरिएको छ। त्रिशक्ति मा.वि., पशुपति मा.वि. र बजेडी आ.वि. मा २५/२५ वटा कम्प्युटर सहित ल्याब स्थापना गरिएको छ। हालसम्मा जम्मा १० वटा विद्यालयमा ICT स्थापना, ६ वटा विद्यालयमा पुस्तकालय स्थापना गरिएको छ।

१६. जटिल रोगहरू निदानको लागि बिरामीहरूलाई स्वास्थ्य उपचारमा सहयोग र आर्थिक रूपमा विपन्न बिरामीहरूलाई स्वास्थ्योपचारका लागि आर्थिक सहयोगको कार्यक्रमलाई निरन्तरता दिइएको छ भने स्वास्थ्य बीमालाई अनिवार्य गर्नका लागि प्रत्येक वडाहरूमा स्वास्थ्य बीमा अभिकर्ताहरू परिचालन गरी हालसम्म ३४०६ जना नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गरिएको छ । प्रत्येक वर्ष विभिन्न अस्पताल तथा संस्थाहरूको समन्वयमा स्वास्थ्य उपचार शिविरहरू सञ्चालन गरिएका छन्। जसबाट ४५५० जनाले स्वास्थ्य उपचार,  जनाले आँखा उपचार २१८४ जनाले ५८० मोतियाबिन्दुको शल्यक्रिया गरी उपचार सेवा प्राप्र गरेका छन्।

१७. नगरपालिका भित्रका सबै नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवाको पहुँचमा पुर्याउनका लागि स्वास्थ्य सेवा सँग सम्बन्धित आधारभूत मापदण्डहरू पूरा गरिएका छन्। मेडिकल अधिकृत सहितको प्रभावकारी स्वास्थ्य सेवा दिइरहेको बाजुरा स्वास्थ्य चौकी, टाँटमा छिमेकी त्रिवेणी नगरपालिका, खप्तड-छेडेदह गाउँपालिका, बझाङ र अछाम जिल्लाका जनताहरूले पनि स्वास्थ्य सेवा लिने गरेका छन्। हालसम्म १२३ जना विपन्न नागरिकलाई स्वास्थ्य उपचार कोषबाट आर्थिक सहयोग गरिएको छ भने ३६ जना दीर्घरोगीहरूले मासिक रुपमा औषधि उपचार सेवाका लागि ५००० प्राप्त गरेका छन्। यसैगरी, कडा रोगको उपचार सेवाका लागि ४८ जनाले विभिन्न अस्पतालमा सिफारिस सेवा प्राप्त गरेका छन्।

१८. स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका बुढीगंगा नगरपालिका वडा नं १ मा अम्कोट नगर स्वास्थ्य सेवा केन्द्र, वडा नं. २ मा मुसी नगर स्वास्थ्य सेवा केन्द्र र वडा नं. ९ मा जुवापानी नगर स्वास्थ्य सेवा केन्द्र गरी ३ वटा नयाँ स्वास्थ्य संस्था स्थापना गरी संस्थाको संख्या ११ बाट १४ पुऱ्याइएको छ। बाजुरा, देवलसैन र ब्रहमतोला स्वास्थ्य चौकीमा USC भिडियो एक्सरे मेसिनको व्यवस्था गरी गर्भवती चेकजाँच गरी प्रेषण सेवा निशुल्क प्रदान गर्ने गरिएको छ भने सिँगाडा र धुरालसैनमा प्रसूति सेवा विस्तार गरिएको छ। बाजुरा स्वास्थ्य चौकीलाई बुढीगंगा आधारभूत अस्पतालका रुपमा सञ्चालन गर्न व्यवस्थापन कार्य अगाडि बढाइएको छ।

१९. नगरपालिकामा सुचारू गरिएको टेलि कन्सल्टेसन/टेलिमेडिसिन सेवालाई ५ वटा  स्वास्थ्य केन्द्रहरूमा विस्तार गरिएको छ भने १५ सैयाको अस्पताल निर्माणमा देखा परेका समस्यालाई हल गर्न सम्बन्धित ठेकेदार, सामाजिक व्यक्तित्वहरूसँगको छलफल पश्चात निर्माण कार्यलाई निरन्तरता दिइएको छ।

२०. प्रत्येक वर्ष ३००० कृषकलाई मलमा ढुवानी अनुदान, २००० जना किसानलाई मौसमी तथा बेमौसमी बिउँबिजन, १००० जना किसानलाई उन्नत जातको गहुँको बिउँ प्रदान गरिएको छ भने हालसम्म ३००० जना कृषकलाई कागती/मौसमीका बिरुवा, १०० जना कृषकलाई प्लाष्टिक टनेल, ८ जना किसानलाई साना सिँचाइका सामाग्रीहरू अनुदान स्वरूप प्रदान गरिएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना तथा प्रदेश

सरकारसँगको साझेदारीमा ६४ वटा उन्नत भैंसी, ५ वटा राँगा, ५६ वटा गाई, २०० वटा बाख्रा र ४०० वटा कुखुरा कृषकहरूलाई वितरण गरिएको छ भने ताँप्रीसेरा, बाम्का र मालिका बजारमा डेरी स्थापना गरिएको छ।

२१.एक घर, एक करेसाबारी नीति अनुसार मौसमी तथा बेमौसमी बिउँबिजन वितरण र उत्कृष्ट कृषक र कृषक समूहलाई पुरस्कार वितरण गरिएको छ। विद्यालय दिवा खाजा कार्यक्रमका लागि स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने उद्धेश्यले स्थानीय कृषकहरू, कृषि समूहहरू, सहकारी संस्थाहरूद्वारा उत्पादित कृषि उपज खरिद गरी स्थानीय कृषि उत्पादन वृद्धिमा प्रेरित गरिएको छ।

२२.आलु पकेट कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, दलहल बाली पकेट कार्यक्रमलाई निरन्तर सञ्चालन गरिएको छ। वार्षिक रुपमा कृषि मेला आयोजना गरी कृषिको बजारीकरणमा सहजीकरण गरिएको छ।

२३.१० वर्षे कृषि रणनीति तयार गरी कार्यान्वयनमा ल्याइएको छ भने। बाह्बिस र ब्रहमतोलामा कृषि तथा पशु सेवा केन्द्र विस्तार गरिएको छ भने कृषि तथा पशु सेवा प्राविधिकहरूलाई बीमा अभिकर्ता बनाई कृषि-पशु बीमा अनिवार्य गरिएको छ। १ वटा २ प्राविधिक कार्यक्रमलाई कार्यान्वयनमा ल्याइएको छ।

२४.पशुपक्षी सम्बन्धी औषधोपचार तथा परामर्श सेवाहरू वार्षिक रुपमा निःशुल्क उपलब्ध गरिएको छ। पशुपक्षी स्वास्थ्य उपचार शिविर सञ्चालन गरी ४०० वटा घरपालुवा पशुपक्षीहरूको उपचार गरिएको छ।

२५.रैथाने बाली उत्पादन, संरक्षण र बजारीकरणका लागि बुढीगंगा नगरपालिकामा कार्यरत परियोजनाहरूसँग समन्वय गरी कार्यक्रम लागु गरिएको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (RERL), कृषि खाद्य प्रणालीका लागि नवीकरणीय ऊर्जा (RERAS) परियोजना सँगको साझेदारीमा वडा नं. १०, सिँगाडामा, वडा नं. ४, बानेगाउँमा र वडा नं. ५ सराप्लामा लिफ्ट सिँचाइ तथा खानेपानी सञ्चालन गरिएको छ।

२६.स्थानीय प्रयासमा खाद्य सुरक्षा रुपान्तरण (LIFT) परियोजनासँगको साझेदारीमा वडा नं. ६ को फालासैनम कृषि उपज सङ्कलन केन्द्र तथा हाटबजार निर्माण गरिएको छ। माटो तथा मल परीक्षण प्रयोगशाला, कन्चनपुरको समन्वयमा बुढीगंगा नगरपालिकाका १० वटै वडाबाट २७२ प्लटबाट माटो परीक्षणका लागि नमूना सङ्कलन गरिएको छ।

२७.यस नगरपालिकामा विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा विभिन्न कार्यक्रम तथा परियोजनाहरु सञ्चालन गरिएका छन्। जसमा पीसविन नेपाल, गिफ्ट नेपाल, सहास नेपाल, लिबर्ड, एकीकृत विकास समाज (IDS) नेपाल, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल, आस्था नेपाल, नेपाल रेडक्रस सोसाइटी, महिला विकास मञ्च, ग्रीन तारा नेपाल लगायत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, विश्व खाद्य कार्यक्रम, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमहरू, प्राक्टिकल एक्सन, आइपास नेपाल, असल छिमेकी नेपालले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका छन्। धेरै जस्तो परियोजनाहरू शिक्षा, स्वास्थ्य, लैंगिक हिंसा निवारण, खाद्य सुरक्षा, विपद् जोखिम न्यूनीकरण, जीविकोपार्जन, ऊर्जा जस्ता विषयमा केन्द्रित छन्। नगरपालिकाको लागत साझेदारीमा हाल जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC), जलवायु उत्थानशील भूपरिधि तथा जीविकोपार्जन कार्यक्रम (CRLLP) र विद्यालय शिक्षामा प्राविधिक सहयोग (TECSES) परियोजना लागु गरिएका छन्।

२८.यस नगरपालिकाले आ.व. २०८०/८१ देखि आफ्नै स्वामित्वमा रहने गरी बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्रको सञ्चालन गरेको छ। जसको प्रशासनिक भवन, इन्डोर खेल प्रशिक्षण केन्द्र निर्माण भई सञ्चालनमा रहेको छ भने गार्मेन्ट उद्योगको संरचना तयार गरिएको छ। केन्द्रले हालसम्म विभिन्न सीप विकासका

कार्यक्रमहरू सञ्चालन गरी १००० जना भन्दा बढी दक्ष तालिमप्राप्त मानव पूँजी उत्पादन गरेको छ भने ४० जनाले आफ्नै व्यवसाय सुरु गरेका छन् ।

२९. बुढीगंगा नगरपालिकाको प्रमुख प्रशासकीय भवन जग्गा प्रप्ति सहित, सबै वडा कार्यालयहरू (वडा नं. ७ बाहेक) र सबै स्वास्थय केन्द्रहरू (बर्थिङ सेन्टर लगायत) निर्माण भई दैनिक प्रशासनिक कामकाज तथा सेवा प्रवाह गर्न थालिएको छ । मुख्य तीनवटा ग्रामीण सडकहरू बाम्का-नगरपालिका, ताँप्रीसेरा-ताँप्रा र बेतालमाण्डौं-त्रिशक्ति सडकलाई पक्की गर्ने कार्य निरन्तर रहेको छ । नगर यातायात गुरुयोजना, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन आदि निर्माण गरिएका छन् भने राष्ट्रिय मापदण्ड अनुसार खेलमैदान निर्माण भैरहेको छ । अन्य सडकहरू स्तरीकरण तथा पक्की बनाउने काम भैरहेको छ ।

३०. आ.व. २०७९/८० देखि २०८१/८२ सम्म जम्मा ३९३ वटा योजनाहरू सम्पन्न भएका छन् । जसमध्ये १ लाखसमम्मका ९ वटा, १ लाखदेखि ५ लाखसम्मका २२९ वटा, ५ लाखदेखि १० लाखसम्मका ९९ वटा, १० लाख देखि ५० लाख सम्मका ५२ वटा र ५० लाख भन्दा माथिका ४ वटा योजना रहेका छन् । आ.व. २०८२/८३ का योजनाहरू चालु रहेका छन् ।

३१. बुढीगंगा नगरपालिकाको घरजग्गा अभिलेखिकरण र भवन निर्माण मापदण्ड तथा घरनक्सा पास सम्बन्धी कानुन निर्माण गरी लागु गरिएको छ । १० लाख भन्दा माथिका निर्माण आयोजनाहरू विद्युतीय बोलपत्र (E-Bidding) प्रणाली मार्फत निर्माण गरिएका छन् भने संरचनाहरू निर्माण गर्दा बालमैत्री, लैंगिकमैत्री, वातावरण मैत्री र भूकम्प प्रतिरोधीमा मुख्य मापदण्लाई पालना गर्ने गरिएको छ ।

३२. बुढीगंगा नगरपालिकाको ऊर्जा विकास योजना निर्माण गरिएको छ । बाम्कामा नेपाल विद्युत प्राधिकरणको सब स्टेशन निर्माणका लागि काम निरन्तर भईरहेको छ ।

३३. लैङ्गिक सशक्तिकरणका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिएका छन् । लैङ्गिक हिंसा निवारण कोष वर्षेनी परिचालन गरिएको छ । १० वटै वडाहरूमा सामुदायिक मनोसामाजिक कार्यकर्ता परिचालन गरिएको छ । उपप्रमुख कोशेली कार्यक्रम मार्फत हालसम्म ६५० जना सुत्केरी तथा गर्भवती महिलाहरूलाई पोषण प्याकेज वितरण गरिएको छ भने भने सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमहरूलाई ब्रान्चलेस ब्याङ्किङ (BLB) सेवा मार्फत सेवाग्राहीको घरदैलोमा पुर्याइएको छ ।

३४. लैंगिक तथा घरेलु हिंसा न्यूनीकरणका लागि अभियानहरू सञ्चालन गरिएको छ भने अपाङ्गता शिविरको सञ्चालन गरिएको छ । लैंगिक हिंसामा परेकाहरूको जीविकोपार्जन सुधारका लागि आर्थिक सहयोग गर्नुका साथै तरकारीका बिउँबिजन, उन्नत बाख्रा वितरण र सीपमुलक तालिम प्रदान गरिएको छ ।

३५. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत हालसम्म ५३३ जना बेरोजगारहरूलाई १०० दिनको न्यूनतम रोजगारी प्रदान गरिएको भने ६५ वटा श्रममा आधारित आयोजनाहरू निर्माण सम्पन्न भएका छन् ।

३६. भूकम्पबाट जोखिममा परेका ४०८ घरपरिवार लागि ४०८ वटा अस्थायी टहरा निर्माण गरी हस्तान्तरण गरिएको छ भने आपतकालीन कार्य सञ्चालन केन्द्रको सञ्चालन तथा व्यवस्थापान गरिएको छ । मनसुनजन्य विपदबाट प्रभावित १९ वटा घर निर्माण र ९० घरपरिवारलाई राहत तथा २०० घरपरिवारलाई त्रिपाल र मेट्रेस उपलब्ध गरिएको छ । भूकम्पबाट प्रभावित ३१५ घरहरूको विस्तृत क्षति मूल्याङ्कन (DDA) भएकोमा २० वटा निर्माण गरिएका छन् ।

३७. बुढीगंगा नगरपालिका वडा नं. ६ स्थित बाजुरा जिल्लाको प्रमुख व्यापारिक केन्द्रमा मिति २०८२ जेठ २३ गते भीषण आगलागी भई पूर्ण र आंशिक गरी ३२ वटा घरटहरा जलेर १९ करोड ६५ लाख बराबरको धनसम्पती

नोक्सान भएकोमा नेपाल सरकार, प्रदेश सरकार, बाजुरा जिल्लाका स्थानीय तहहरू, संघसंस्थाहरू तथा अन्य सहयोगीदाताहरूबाट गरी रु. १ करोडभन्दा बढी राहत सङ्कलन गरी पीडितहरूको तत्कालै पुनःस्थापना गरिएको छ।

३८. बुढीगंगा नगरपालिकाका प्रत्येक वडाहरू र समग्र नगरपालिकाको विगत तीन आ.व. (आ.व. २०७९/८०, २०८०/८१ र २०८१/८२) को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ। बुढीगंगा नगरपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा बाजुरा जिल्लामा लगातार ३ वर्ष प्रथम भएको छ भने सुदूरपश्चिम प्रदेशमा तेस्रो र दोस्रो भएको छ।

३९. नगरपालिका, वडा कार्यालय तथा विद्यालयहरूमा डिजिटल हाजिरी स्थापनाका स्थापना गरिएको छ भने राजश्व प्रणाली, दर्ता चलानी प्रणालीलाई डिजिटलाइजेसन गरिएको छ। वडा नं. १ बाहेक सबै वडाहरूमा नेपाल टेलिकमको इन्टरनेट सेवा (NTFiber) सेवा विस्तार गरिएको छ।

४०. यस नगरपालिकाको वृहत्तर हितका लागि विभिन्न विधामा उत्कृष्ट सेवा गर्ने महानुभावहरूलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

४१. बुढीगंगाको विकास र समृद्धिका लागि मिति २०८२ बैशाख २७-२९ सम्म बुढीगंगा विकास कचहरी-२०८२ को आयोजना गरी समृद्धिको आधारका लागि १५ बुँदे साझा प्रतिबद्धता पत्र जारी गरिएको छ।

सभाका सदस्यज्यूहरू,

अब म, नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको वार्षिक नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सोह्रौं योजना र दिगो विकासका लक्ष्यहरूलाई आधार मानी यस नगरपालिकामा रहेका विज्ञ व्यक्तित्वहरु, राजनैतिक कर्मीहरु, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू, युवा विद्यार्थीहरू, विभिन्न पेशा र ओहोदामा रहेका व्यक्तित्वहरुको सुझाव तथा यस नगरपालिकाले कार्यान्वयन गरेको आ.व. २०७९/८०, २०८०/८१, २०८१/८२ र २०८२/८३ को नीति, कार्यक्रम र बजेटको अनुभवका आधारमा आगामी आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

४२. नीति, कार्यक्रम तथा योजनामा आधारित बजेट प्रणालीको विकास गर्न यस नगरपालिकाको आवधिक नगर योजनाले निर्दिष्ट गरे बमोजिम र समृद्धिको आधारका लागि बुढीगंगा विकास कचहरी- २०८२ ले जारी गरेको प्रतिबद्धता पत्रको आधारमा प्राथमिकता प्राप्त योजना र कार्यक्रमहरू छनौट गरी बजेट विनियोजन गरिनेछ। नगरपालिकाको आयोजना बैंकमा रहेका योजनाहरूलाई प्राथमिकता दिइनेछ। बजेट तर्जुमालाई मध्यमकालीन खर्च संरचनासँग आबद्ध गरी लैंगिक उत्तरदायी बजेट प्रणालीलाई मुख्य शर्तको रुपमा अनुशरण गरिनेछ।

४३. समृद्ध नगर निर्माणका लागि नगरपालिकाको आन्तरिक श्रोतहरू पहिचान गरी आन्तरिक आम्दानी वृद्धि गर्न नगरपालिकाको आर्थिक ऐन परिमार्जन गरिनेछ। व्यवसायिक कर, घरबहाल कर, सम्पत्ति कर अनिवार्य सङ्कलन गरिनेछ। खाली तथा सरकारी जग्गामा बनेका निजी संरचनाहरूको करको दरलाई एकीकृत गरी राजश्व सङ्कलन गरिनेछ। बुढीगंगा नगरपालिका भित्रका सम्पूर्ण व्यवसायलाई नगरपालिकामा अनिवार्य दर्ता र सूचीकरण गरिनेछ। बुढीगंगा नदी किनारमा उपलब्ध नदीजन्य पदार्थको प्रचलित कानुन बमोजिम राजश्व सङ्कलन गरिनेछ। सामुदायिक वनबाट हुने आम्दानीको कर प्रचलित कानून अनुसार सङ्कलन गरिनेछ।

नगरपालिकाको क्षेत्राधिकार रहेको सडकमा चल्ने गाडी, जीप, अटो रिक्सा लगायत अन्य सवारी साधनहरूको रुट परमिट जारी गरी व्यवहारिक भाडादर कायम गरिनेछ ।

४४.नेपालको संविधान, प्रचलित कानुनहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्यायोजन गरेका अधिकारहरूको कार्यान्वयनका लागि यस नगरपालिकाले निर्माण गर्नुपर्ने आवश्यक कानुनहरू प्राथमिकताका साथ तर्जुमा गरी लागु गरिनेछ । यस नगरपालिकामा क्रियाशिल गैरसरकारी संस्थाहरूका कार्यक्रम तथा परियोजनाहरू सँग आवश्यकताका आधारमा साझेदारी गर्ने नीति अख्तियार गरिनेछ ।

४५.बुढीगंगा नगरपालिकाले निर्माण गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organizational and Management- O&M Survey) प्रचलित कानुन अनुसार लागु गरिनेछ । यस नगरसभाको कार्याकालभरी भए गरेका कामहरूको विस्तृत प्रतिवेदन तयार गरी स्वेतपत्र जारी गरिनेछ ।

सभाका सदस्यज्यूहरू,

अब म विषयगत क्षेत्रको वार्षिक नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

**शिक्षा, युवा तथा खेलकूद सम्बन्धी नीति तथा कार्यक्रमहरूः**

४६.**हामी सबैको प्रण, सामुदायिक विद्यालयको रुपान्तरण** भन्ने नाराका साथ शिक्षकलाई पेशागत रुपले दक्ष, दलीय राजनीतिमा तटस्थ र शिक्षण सिकाई प्रति प्रतिबद्ध एवं जिम्मेवार बनाउन नगरपालिकास्तरीय विषयगत शिक्षक समितिहरु गठन गरी उक्त समितिलाई पेशागत क्षमता विकासका लागि सिकाई थलो र विद्यालयलाई सिकाइ संगठनको रुपमा विकास गरिनेछ । साथै अभ्यास डिजिटल लर्निङ कार्यक्रम लागु गरिनेछ ।

४७.**शैक्षिक गुणस्तरको सुधार पहिलो कक्षाबाट गरौं** भन्ने अभियानका साथ तल्ला कक्षाहरुको पठनपाठन र व्यवस्थापनमा विशेष ध्यान दिन विद्यालयलाई अभिप्रेरित गरिनेछ भने आवश्यकताका आधारमा शैक्षिक सामाग्री उपलब्ध गराइनेछ । १० वर्षे बुढीगंगा शिक्षा विकास योजना निर्माण गरी लागु गरिनेछ ।

४८.प्रत्येक कक्षाको सिकाइ उपलब्धी वृद्धि गर्न विषयगत शिक्षकलाई सिकाई सुधार योजना (Learning Improvement Plan -LIP) निर्माण गर्न लगाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४९.विद्यालयमा क्रमशः न्यूनतम भौतिक पूर्वाधारको अवस्था (कक्षाकोठा, फर्निचर, शुद्ध खानेपानी, शौचालय, पुस्तकालय, ICT तथा विज्ञान प्रयोगशाला) सुनिश्चित गरिनेछ भने आधुनिक शिक्षण सिकाइ प्रणालीमा आवद्ध गर्न प्रत्येक विद्यालयमा ICT सामाग्रीहरु जडान तथा विस्तार गरिनेछ ।

५०.विद्यालय उमेरका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने गरी विद्यालय भर्ना सुनिश्चितता र अभिभावक विहीन बालबालिकाको आवास सहितको शिक्षाको प्रबन्ध गर्न विकास साझेदार संस्था तथा नेपाल सरकार, प्रदेश सरकारसँग समन्वय गरी विद्यालय छोड्ने दर न्यूनीकरण गरिनेछ भने वडा कार्यालय र विद्यालय व्यवस्थापन समिति मार्फत विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी विद्यालयमा ल्याउन आवश्यक प्रबन्ध गरिनेछ ।

५१.नगरस्तरीय परीक्षाको विश्वसनीयता र वैद्यता सुनिश्चित गर्दै नगरस्तरीय परीक्षालाई व्यवस्थित गरिनेछ भने विद्यालय स्तरीय परीक्षाका लागि आवश्यक परीक्षा सामाग्री उपलब्ध गराइनेछ ।

५२.विषयगत सिकाई उपलब्धि अभिवृद्धि गर्न अतिरिक्त कक्षा, विषयगत शिक्षक कार्यशाला तथा पेशागत सहयोग शैक्षणिक योजनासहितको कार्यपात्रो, दैनिक शिक्षण योजना सहितको डायरी, विद्यार्थी गृहकार्य डायरी जस्ता कार्यक्रममा जोड दिइनेछ भने शिक्षक तथा कर्मचारीको पेशागत दक्षता विकासका लागि मागमा आधारित कष्टमाइज्ड तथा पुनर्ताजकी तालिम र विषयगत घुम्ती शिक्षक कार्यशाला सञ्चालन गरिनेछ।

५३.बालबालिकाको सर्वाङ्गीण विकासका साथै अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन  विद्यालयमा शुक्रबारीय कार्यक्रमहरू जस्तैः नियमित खेलकुद, सिर्जनात्मक अभ्यासहरू तथा अतिरिक्त क्रियाकलापहरु आयोजना गरिनेछ भने अतिरिक्त क्रियाकपालहरूको नगरस्तरीय आयोजनाहरू सञ्चालन गरिनेछ।

५४.दीर्घकालिन सोचसहित विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न १० वर्षे नगर शिक्षा योजना तर्जुमा  गरी कार्यन्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।

५५.प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका बालबालिका लाई दिवा खाजा  कक्षा ६ देखि १२ सम्मका बालिकालाई स्यानिटरी प्याड र सबै बालबालिकालाई पाठ्यपुस्तक र छनौटमा परेका बालबालिकालाई छात्रवृति उपलब्ध गराइनेछ।

५६.विद्यालय शिक्षामा सहज पँहुच, विद्यार्थी संख्या र भौगोलिक दूरीका आधारमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न विषय शिक्षकको व्यवस्थापन तथा विद्यालय एकीकरण गर्न प्रोत्साहित गरिनेछ। कम्तिमा एउटा विद्यालयमा राष्ट्रिय सेवा दल (National Cadet Corps) कार्यक्रम लागु गरिनेछ।

५७.शिक्षकको नियमितता र विद्यालय कार्य सुधार, शैक्षिक तथ्याङ्क अध्यावधिक, नियमित प्र.अ. बैठक, शैक्षणिक सामाग्री सहितको योजनाबद्ध शिक्षण सिकाइ सुनिश्चितताका लागि नियमित अनुगमन तथा सुपरीवेक्षण मार्फत विद्यालयमै प्राविधिक सहायता उपलब्ध गराइ विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गरिनेछ।

५८.किशोरावस्थाका विद्यार्थीहरुमा देखिने मनोसामाजिक समस्या तथा विभिन्न कुलत र जोखिमबाट बच्न मानसिक स्वास्थ्य, लागुपदार्थ दुव्यशनी न्यूनीकरण, नैतिक शिक्षा जस्ता कार्यक्रमहरु विकास साझेदार संस्था र परोपकारी संस्थाहरूसँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ भने बालबालिकालाई कुलत र कुसंस्कारबाट जोगाउन विद्यालय तथा स्वास्थ्य संस्था नजिक सूर्तीजन्य र मदिराजन्य पदार्थ बिक्री वितरणमा रोक लगाइनेछ।

५९.विद्यालयको स्वामित्वमा रहेको अभिलेख व्यवस्थापन र चल अचल सम्पतिको संरक्षण गरी विद्यालयलाई स्वच्छ, सफा र हरित विद्यालयका रुपमा विकास गर्न विद्यालयलाई फोहोरमैला व्यवस्थापन, घेरबार, बगैंचा निर्माण र वृक्षारोपण गर्न प्रोत्साहित गरिनेछ।

६०.आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गराउने तथा नियमित विद्यालयमा पठाउने विषयमा अभिभावकलाई सचेतना कार्यक्रम सञ्चालन गरी थप उत्तरदायी बनाइनेछ।

६१.शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई बढावा दिई नवप्रवर्तनलाई अंगीकार गर्न विद्यालयहरुको आवश्यकतामा आधारित ICT सामाग्री तथा  शिक्षकहरूलाई सूचना प्रविधिसँग सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

६२.नगरभित्र सञ्चालित सामुदायिक सिकाई केन्द्रलाई व्यवस्थित गर्दै साक्षरता शिक्षा, निरन्तर अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै कुनै एक सामुदायिक सिकाइ केन्द्रलाई सुविधासम्पन्न सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रको रूपमा विकास गर्न आवश्यक सहयोग पुर्याइनेछ ।

६३.स्थानीय पाठ्यक्रममा आवश्यक परिमार्जन तथा स्थानीय पाठ्यक्रमको पठनपाठनलाई व्यवस्थित गर्न पाठ्यपुस्तक लेखन तथा छपाइ गर्न आवश्यक व्यवस्था गरिनेछ । विद्यालयलाई आवासीय रूपमा सञ्चालन गरिनेछ भने पढ्दै कमाउँदै कार्यक्रमलाई अगाडि बढाइनेछ ।

६४.सामुदायिक विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्न सामुदायिक विद्यालयका शिक्षक, विद्यालय कर्मचारी, जनप्रतिनिधि तथा राज्यको स्रोतबाट पारिश्रमिक लिने सम्पूर्ण पदाधिकारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने नीति अवलम्बन गरिनेछ ।

६५.दिवा खाजा कार्यक्रमलाई व्यवस्थित बनाउन सबै २९ वटा सामुदायिक विद्यालयमा सुविधायुक्त भान्छाघर निर्माण गरिनेछ भने भान्छेलाई उपलब्ध गराउँदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ ।

६६.विभिन्न क्षेत्रका प्रतिभावान युवायुवतीलाई अगाडि बढ्न आवश्यक सहयोगका साथै शिक्षित युवाहरुलाई रोजगारीका अवसहरुको सदुपयोग गर्न लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग लगायतका प्रतिस्पर्धी परीक्षाका लागि तयारी कक्षाहरु  सञ्चालन गरिनेछ ।

६७.स्थानीय तहका योजना तर्जुमा कार्यान्वयन, मूल्याङ्कन तथा उपलब्धीको न्यायोचित वितरणसम्मका चरणहरुमा युवाहरुको अर्थपूर्ण सहभागीतामा जोड दिइनेछ । नगरको आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण तथा विकास निर्माणमा युवाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

६८.युवा शक्तिलाई संगठित गरी विपद् जोखिम न्यूनीकरण, राहत उद्दार तथा जनचेतना अभिवृद्धि लगायतका सामाजिक कार्यमा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ । युवा लक्षित सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्न विशेष पहल गरिनेछ ।

६९.स्वयम सेवक युवा जनशक्ति परिचालन गरी गाउँगाउँबाट उठौं, सुयोग्य नागरिक बनौं अभियान चलाइनेछ ।

७०.विभिन्न युवाक्लबहरू तथा युवालक्षित संघसंस्थाहरूसँग सहकार्य गर्दै युवाहरूमा नेतृत्व विकासको अवसरहरू प्रदान गरिनेछ । नगरपालिका भित्र रहेका विभिन्न युवा क्लबहरूलाई समाज सुधार तथा विकास कार्यमा आबद्ध गराउने नीति अवलम्बन गरिनेछ । युवाहरूलाई उद्यमशीलता तर्फ उन्मुख गराउनका लागि प्रोत्साहनमूलक कार्यक्रमको व्यवस्था गरिनेछ ।

७१.नगरभित्र सञ्चालित विद्यालयमा खेलकुद सम्बन्धी प्रतिभा पहिचान तथा विकासको लागि खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्नुका साथै मार्शल आर्टस् विधाका अल्पकालीन खेल प्रशिक्षकको व्यवस्था गरिनेछ भने विद्यालय स्तरमा खेलकूदका गतिविधि सञ्चालन गर्न निश्चित समयका लागि खेल प्रशिक्षक खटाइनुका साथै विद्यालयलाई खेल सामाग्री उपलब्ध गराइनेछ ।

७२.राष्ट्रपति रनिङ शिल्डलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न नगरस्तरबाट आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७३. नगरपालिका स्तरमा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धन गर्न विद्यालय तथा वडा स्तरमा विविध विधाका खेल सञ्चालन गर्नुका साथै क्रमशः आवश्यक पूर्वाधार विकास गरिनेछ भने निर्माणाधीन बारम्तोला, सैनचौर, भट्टेचौर खेलमैदानहरुलाई सम्पन्न गर्न पहल गरिनेछ।

७४. **शैक्षिक गुणस्तरमा सुधार, बुढीगंगाको समृद्धिको आधार** भन्ने लक्ष्यका साथ समग्र विद्यालय शिक्षामा गुणस्तर सुनिश्चित गरी श्रम बजारको माग बमोजिम दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादनका लागि शिक्षा क्षेत्रको समग्र विकास गर्ने उद्धेश्य सहित **वृहत् शैक्षिक सुधार कार्यक्रम** लागु गरिनेछ। प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार तथा स्तरोन्नती गरिनेछ भने बडिमालिका क्याम्पसमा स्नातकोत्तर तह सम्म अध्ययन-अध्यापनको व्यवस्थापनका लागि पहल गरिनेछ।

**स्वास्थ्य तथा सरसफाइ सम्बन्धी नीति तथा कार्यक्रमहरू:**

७५. नगरपालिका भित्रका सबै नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवाको पहुँचमा पुर्याउनका लागि स्वास्थ्य सेवा सँग सम्बन्धित आधारभूत मापदण्डहरू पूरा गरिनेछ।

७६. निर्माणाधीन १५ सैया अस्पताललाई निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ भने डिजिटल स्वास्थ्य रणनीतिक योजना २०८२-२०८५ कार्यान्वयनका गरिनेछ। योजनाको कार्यान्वयन गर्दा प्राथमिकताका आधारमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूसँग सहकार्य र साझेदारी गरिनेछ।

७७. जन्मेदेखि १५ महिनासम्मका सबै बालबालिकाहरूलाई राष्ट्रिय खोप तालिका अनुसारका सबै खोपहरू प्राप्तिको सुनिश्चितता गरी १६ महिना देखि २३ महिनासम्मका सबै बालबालिकाहरूको पूर्ण खोप सुनिश्चितता कम्तिमा ९५% पुर्‍याइनेछ। स्वास्थ्य संस्थामा प्रसूती भएका सुत्केरी तथा कुरुवालाई खानाको व्यवस्थापन गरिनेछ।

७८. नगरपालिकामा सुचारू गरिएको टेलिकन्सल्टेसन सेवालाई शतप्रतिशत स्वास्थ्य केन्द्रहरूमा विस्तार गरिनेछ भने मर्यादित महिनावारी व्यवस्थापनलाई सुनिश्चित गरिनेछ। सामुदायिक विद्यालयहरूमा विद्यार्थी लक्षित स्वास्थ्य चेकजाँच शिविर सञ्चालन गरिनेछ।

७९. आगामी २ वर्षभित्र संस्थागत प्रसूति कम्तिमा ९५%, उत्तर प्रसूति भेट कम्तिमा ९५%, गर्भवती जाँच कम्तिमा ९५% र मातृमृत्यु, बालमृत्यु, बाल कुपोषण तथा मातृ एमिनिया हुने समस्या शून्यमा झार्नका लागि योजना बनाएर लागु गरिनेछ।

८०. कुपोषण दर शून्यमा झार्न पोषण पुनर्स्थापना केन्द्रको स्थापना गरिनेछ भने स्वास्थ्य संस्था तथा सबै सार्वजनिक कार्यालयहरूमा स्तनपान कक्ष स्थापना गरिनेछ।

८१. बुढीगंगा आधारभूत अस्पताल, टाँटेमा जनशक्ति व्यवस्थापन लगायत सि.आर. एक्सरे सेवा, आफ्नै फार्मेसी सेवा, इसिजी सेवा, युएसजी सेवा सुचारू गरिनेछ। हाल ४ वटा स्वास्थ्य संस्थाहरूमा भएका ल्याब सेवाको सुदृढीकरण गरी अन्य स्वास्थ्य संस्थाहरूमा पनि क्रमशः ल्याब सेवा विस्तार गरिनेछ भने सुविधा सम्पन्न एम्बुलेन्स सेवा र सव बाहन सेवा सञ्चालनमा ल्याइनेछ।

८२. बुढीगंगा आधारभूत अस्पताल, टाँटेमा मेडिकल अधिकृत सहितको सेवालाई निरन्तरता दिइनेछ। विद्यालय IFA कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालनका लागि हरेक विद्यालयबाट स्वयमसेवक विद्यार्थी छनौट गरी तालिम प्रदान गरिनेछ।

८३.विपन्न नागरिकहरूको स्वास्थ्य उपचारको लागि गरिने सिफारिसहरूको अभिलेखीकरण गरिनेछ। साथै नेपाल सरकारले दिने मासिक स्वास्थ्य उपचार खर्चको सोधभर्नाका लागि बिरामी दर्ता, नवीकरण तथा लगत कट्टा गर्ने प्रणाली तयार गरी सञ्चालमा ल्याइनेछ।

८४.मनोसामाजिक परामर्श, लैंगिक हिंसा रोकथामका कार्यक्रमका साथै लागु औषध दुर्व्यशनी नियन्त्रण र मानसिक स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। सुरक्षित गर्भपतन सेवा थप स्वास्थ्य संस्थाहरूमा विस्तार गरिनेछ।

८५.स्थानीय तहमा उपचार हुन नसकेका गम्भीर प्रकृतिका बिरामीहरूलाई निशुल्क यातायात खर्च उपलब्ध गराइ प्रेषण गरिनेछ। नसर्ने रोगको स्क्रिनिङ शिविर सञ्चालन गरी पहिचान गरिनेछ भने प्रजनन रुग्णता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

८६.नगरपालिका भरीका बजार क्षेत्र, टोलहरूमा कुहिने र नकुहिने फोहोर संकलनका लागि डस्टबिनहरू राखिनेछ भने उपयुक्त स्थानमा डम्पिङ साइट निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

८७.स्वास्थ्य बीमा कार्यक्रमलाई अनिवार्य र प्रभावकारी बनाइनका लागि नगरपालिकाको लगानीमा आगामी आ.व. भित्र सबै नागरिको अनिवार्य स्वास्थ्य बीमा गरिनेछ भने आगामी दुई वर्ष भित्र यसै नगरपालिकाभित्र स्वास्थ्य बीमाको पहिलो सेवा बिन्दु बुढीगंगा आधारभूत अस्पताललाई बनाइनेछ।

८८. विभिन् साझेदार संस्थाहरूले स्वास्थ्य तथा सरसफाइको क्षेत्रमा गर्दै आइरहेका क्रियाकलापहरूमा आवश्यकताका आधारमा सहकार्य र सहजीकरण गरिनेछ।

८९.किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा थप प्रभावकारी ढंगबाट अघि बढाइनेछ भने थप स्वास्थ्य संस्थाहरूलाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाका रुपमा सूचीकृत गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

९०.बुढीगंगा आधारभूत अस्पताल, टाँटेलाई आधारभूत अस्पताल घोषणा गरे सँगै थप जनशक्ति तथा सेवा विस्तार गरिनेछ भने नगरपालिका मातहतका सम्पूर्ण स्वास्थ्य संस्थालाई पेपरलेस डिजिटल EHMIS प्रणालीमा रुपान्तरण गरिनेछ।

**कृषि, सहकारी तथा पशुपालन सम्बन्धी नीति तथा कार्यक्रमहरू:**

९१.कृषि कार्यक्रमहरू तर्जुमा गर्दा बुढीगंगा नगरपालिकाको कृषि विकास रणनीतिलाई आधार मानी कार्यक्रम तर्जुमा गरिनेछ। विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूले सञ्चालन गर्ने कार्यक्रमहरूलाई एकद्वार प्रणालीबाट लागु गर्ने नीति अख्तियार गरिनेछ।

९२.खाद्यबालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बिउँ प्रतिस्थापन दर बढाउँदै कृषक पाठशाला एवं व्यवहारिक तालिमको माध्यमबाट प्रविधि हस्तान्तरण गरिनेछ। रैथाने बाली उत्पादन, संरक्षण र बजारीकरणका लागि बजेटको व्यवस्था गरिनेछ। विभिन्न सरोकारवाला निकायहरूसँग साझेदारी गरी कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, हाटबजार तथा बिक्री केन्द्र स्थापना गरी व्यवस्थापन गरिनेछ। ताँप्रीसेरामा स्थापित बिउँ बैंक तथा कोसेली घरलाई प्राथमिकता दिइनेछ।

९३.राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका कार्यक्रममा नगरपालिकाको साझेदारी रहने गरी विभिन्न वडाहरूमा बाली पकेट स्थापना गरिनेछ। बुढीगंगा नगरपालिकालाई मकै, कोदो, आलु, झुमरो, कागुनो तथा तरकारी उत्पादनमा आत्मनिर्भर बनाउने गरी पकेट कार्यक्रमलाई निरन्तरता दिई विस्तार गरिनेछ।

९४. रासायानिक मल ढुवानी तथा बिउँबिजनहरूमा दिइदै आएको अनुदानलाई निरन्तरता दिइनेछ। अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ। गोठेमल तथा भकारो सुधार कार्यक्रम मार्फत जैविक मल प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। जैविक मलको व्यवसाय गर्न चाहने किसानलाई अनुदान तथा निःशुल्क प्राविधिक सहयोग उपलब्ध गरिनेछ।

९५. पहिचान गरिएका क्षेत्रहरूमा फलफूल खेती प्रवर्द्धनका लागि **नगरपालिकाको लगानी, कृषकको आम्दानी** कार्यक्रम लागु गरिनेछ। यस कार्यक्रम अन्तर्गत पाँच वर्षसम्म कम्तिमा ५० वटा फलफूलको बिरूवा संरक्षण गरे बापत प्रति बिरूवा वार्षिक रु. ५० प्रोत्साहन स्वरूप प्रदान गरिनेछ। सडक कोरिडरमा केरा, उखु, लिची जस्ता बिरूवा रोपण र संरक्षण गरिनेछ।

९६. कृषि उत्पादन वृद्धि गर्न तथा रोगकीराबाट हुने क्षति न्यूनीकरण गर्न निशुल्क बाली संरक्षण सेवा प्रदान गरिनेछ भने आगामी आ.व. मा कम्तिमा तीन (३) ठाउँमा बाली उपचार शिविर सञ्चालन गरिनेछ र आवश्यकताका आधारमा आकस्मिक बाली उपचार शिविर सञ्चालन गरिनेछ।

९७. जलवायु मैत्री कृषि कार्यलाई बढावा दिनका लागि थोपा सिँचाइ प्रविधि, प्लास्टिक पोखरी निर्माण, टनेल खेतीलाई विस्तार गरिनेछ। व्यवसायिक रुपमा सामुहिक तरकारी खेती गर्न चाहने कृषकलाई सामान्य निवेदन र स्थलगत अध्ययनका आधारमा अनुदान र प्राविधिक सेवा प्रदान गरिनेछ।

९८. आगामी आ.व. देखि **प्राविधिकको सीप नगरपालिकाको लगानी** कार्यक्रम लागु गरी कृषि तथा पशु सेवा अध्ययन गरी तत् सम्बन्धी व्यवसाय गर्न चाहने विद्यार्थीहरूलाई व्यवसायिक योजनाका आधारमा अनुदान प्रदान गरिनेछ।

९९. माटो परीक्षण गर्ने सेवालाई निरन्तरता दिइनेछ भने जङ्गली मेलमा नास्पाती कलमी गर्ने अभियान निरन्तर गरिनेछ। सुन्तलाजातका फलफूल खेती प्रवर्द्धन कार्यलाई निरन्तरता दिई विस्तार गरिनेछ।

१००. कृषिमा आधारित सहकारीमा लगानी अभिवृद्धि गरिनेछ। उत्कृष्ट सहकारीहरूलाई प्रोत्साहन स्वरुप आवश्यक सहयोग गरिनेछ। नगरपालिका स्तरमा सहकारीको सञ्जाल निर्माण गरिनेछ।

१०१. निश्चित मापदण्डका आधारमा तोकिएको परिमाणमा उत्पादन गर्ने किसानको कृषि उपज खपतको ग्यारेन्टी नगरपालिकाले लिने संयन्त्र निर्माण गरिनेछ। बिक्री हुन नसकेको कृषि उपजमा स्थानीय सरकारले न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने मापदण्ड तयार गर्नेछ।

१०२. बाँझो जमिनमा फलफूल, अलैंची, टिमुर तथा मसलाजन्य खेती गर्न अभिप्रेरित गरिनेछ। सामुदायिक वन, कबुलयती वन, सडक किनार, खोल्सा-खाल्सीहरुमा डालेघाँस तथा भुईघाँसको खेती गरी कृषकहरुलाई पशुपालन व्यवसायमा आकर्षित गरिनेछ।

१०३. कृषि तथा पशु सेवा विस्तारका लागि घरमै प्राविधिक सेवा उपलब्ध गराइनेछ। बेरोजगार रहेका कृषि तथा पशु सेवा प्राविधिकहरूले समूहगत रुपमा एकीकृत कृषि तथा पशुपालनको नमूना प्लट निर्माण गरी व्यवसायिक खेती गर्न चाहेमा आवश्यक अनुदान सहयोग गरिनेछ।

१०४. कृषि समूहको सङ्ख्यात्मक चापलाई मध्यनजर गरी विभिन्न संघसंस्थाहरूबाट लागु गरिने कार्यक्रममा मौजुदा कृषि समूहलाई नै आधिकारिक समूह मानी कार्यक्रम सञ्चालन गरिने नीति अख्तियार गरिनेछ। यस नगरपालिकामा सञ्चालनमा रहेका पशुपंक्षी फार्म, डेरी, मासु पसलहरूलाई दर्ता प्रक्रियामा ल्याइनेछ।

१०५. कृषि तथा पशुपालन पेशालाई मर्यादित र सम्मानित बनाउनका निम्ती उत्कृष्ट कृषकहरूलाई वितरण गरिदै आएको **नगरप्रमुख कृषि पुरस्कार**लाई निरन्तरता दिइनेछ। व्यवसायिक रूपमा कृषि तथा पशुपालन गर्ने

कृषकहरूलाई प्रोत्साहित गरी उत्पादन वृद्धि गर्न कृषकहरूको उत्पादनको मात्रामा आधारित अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

१०६. पशुपालनलाई व्यवसायीकरण तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ भने पशुपालनमा युवा तथा महिलामैत्री कार्यक्रम सञ्चालन गरिनेछ। पशुपन्छीमा लाग्ने संक्रामक तथा महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा उन्मूलनमा विशेष जोड दिई NAHIS रिपोर्टिङ कार्यक्रम सञ्चालन गरिनेछ भने पशुपंक्षीजन्य रोगको नियमित निगरानी तथा अभिलेखीकरण गरिनेछ।

१०७. एक पालिका, एक भेटेरिनरी डाक्टर कार्यक्रमलाई निरन्तरता दिइनेछ। पशुबीमा तथा जोखिम न्यूनीकरण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१०८. उन्नत जातको पशु विकास तथा क्रृतिम गर्भाधान सेवाको विस्तार गरिनेछ भने पशुपालक किसानलाई प्राविधिक सेवा, तालिम तथा परामर्श सेवा उपलब्ध गराइनेछ।

१०९. उन्नत जातका पशुपालन गर्ने किसानलाई अनुदान प्रदान गरिनेछ। घाँसेबाली उत्पादन तथा पशु आहारा व्यवस्थापनमा सुधार गरिनेछ । जैविक सुरक्षा तथा वातावरण संरक्षणलाई प्राथमिकतामा राखी पशुपालन प्रणाली विकास गरिनेछ।

११०. पशुमा हुने आन्तरिक तथा बाह्य परजीवी नियन्त्रणका लागि कृषक घरभेट कार्यक्रमलाई निरन्तरता दिईनेछ। विशेषज्ञ पशुपंक्षी सेवा शिविर र भ्याक्सिनेसन कार्यक्रमलाई अझै प्रभावकारी र व्यापक बनाइनेछ। आधारभूत पशुपंक्षी प्रयोगशाला स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

१११. पशुपंक्षी खोपको प्रभावकारीता तथा गुणस्तर सुनिश्चित गर्न शीत श्रीङ्खला व्यवस्थापनलाई सुदृढ बनाउनका लागि पशु सेवा शाखामा ILR फ्रिज खरिद तथा जडान गरी सुरक्षित खोप भण्डारण गर्ने व्यवस्था मिलाइनेछ।

११२. एउटै उद्धेश्य रहेका सहकारीहरूलाई मर्ज गरिनेछ भने नियम विपरितका सहकारीहरू खारेज गरिनेछ। सहकारीहरूमा कोपोमिस (COPOMIS) सफ्टवेयर अनिवार्य रुपमा लागु गरिनेछ।

११३. नगरपालिकाको भु-उपयोग योजना (Land Use Plan) निर्माण गरिनेछ। प्राकृतिक खेती प्रणालीलाई प्रवर्द्धन गरिनेछ। कृषि तथ्याङ्क अद्यावधिक तथा किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११४. ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रम लगायत अन्य साझेदार निकायहरूबाट सञ्चालित कृषिमा आधारित उत्पादक कार्यहरूमा विद्युतको प्रवर्द्धन कार्यक्रम, साना स्तरका लिफ्ट सिँचाइ प्रणालीमा कृषि मूल्यश्रींखला प्रवर्द्धन, कृषि समूह परिचालन तथा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

**रोजगार, सीप तथा उद्यमशीलता प्रवर्द्धन तथा पर्यटन विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू:**

११५. रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३ कार्यान्वयन गरी रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा रुपान्तरण गरिनेछ। रोजगारी सृजनाका कार्यक्रम, नगरपालिकाबाट प्रस्तावित रोजगारी लक्षित कार्यक्रमहरू, लघु उद्यम विकासका कार्यक्रम, बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरू एकीकृत रुपमा सञ्चालन गरिनेछ। तालिम प्राप्त बेरोजगार व्यक्तिहरूलाई शून्य ब्याजदरमा बिउपूँजी (Seed money) प्रदान गरी व्यवसायिकतामा जोडिनेछ।

११६. **बनौं उद्यमी, सृजना गरौ रोजगारी** भन्ने नारा सहित नगरपालिकाको समग्र आर्थिक विकासका लागि उत्पादनमा आधारित साना तथा मझौला उद्योगहरु, व्यवसाय स्थापना गरी सीपयुक्त मानव पूँजी विकास गरी

रोजगारी सृजना गर्ने र नागरिकलाई आत्मनिर्भर बनाउने विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । नगरपालिकामा क्रियाशिल सबै रोजगारदाताहरूलाई श्रमसंसार प्रणालीमा आवद्ध गराइनेछ ।

११७. **श्रमको सम्मान, राष्ट्रको अभियान** तथा **रोजगार संवाद मञ्च** कार्यक्रम सञ्चालन गरी श्रमलाई आम नागरिकको जीवन परिवर्तनको आधार बनाइनेछ । बुढीगंगा मिनी औद्योगिक ग्रामको कार्ययोजनालाई अगाडि बढाइनेछ । साना तथा मझौला उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी व्यवस्थापन कार्य अगाडि बढाइनेछ ।

११८. बेरोजगारहरूको लगत सङ्कलन गरी अद्यावधिक गरिनेछ भने वैदेशिक रोजगारमा जान चाहने युवाहरूलाई नगरपालिकाबाटै श्रम स्वीकृति दिने व्यवस्था मिलाइनेछ । वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको सीपलाई प्रयोग गरी बुढीगंगा नगरपालिकाको समृद्धिसँग जोडिनेछ भने उनीहरूको पुनःस्थापनाका लागि आवश्यक सहयोग गरिनेछ ।

११९. नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीमा आबद्ध हुन चाहने युवाहरुका लागि आवश्यक लोकसेवा तयारी कक्षाहरू सञ्चालन गर्न पहल गरिनेछ भने प्राविधिक विषयहरू उत्तीर्ण विद्यार्थीहरूका लागि निःशुल्क लोकसेवा तयारी कक्षाहरू सञ्चालन गरिनेछ ।

१२०. बार्जुकोट दरबारलाई पुरानै शैलीमा निर्माण गर्न विभिन्न निकायहरूमा पहल गरिनेछ । बार्जुकोट दरबार रहेको क्षेत्रमा प्रवेश गर्न सहजताका लागि पदमार्ग निर्माण गरिनेछ । विजया दशमीको बेला भुक्तोलीमा आयोजना हुने ऐतिहासिक भुक्तोली मेलालाई साँस्कृतिक उत्सवको रुपमा मनाइनेछ ।

१२१. खप्तड छेडेदह गाउँपालिकाको क्षेत्र भित्र पर्ने यस क्षेत्रको प्रमुख धार्मिक स्थल श्री ज्यूलेखी मष्टा तथा त्रिवेणी नगरपालिकामा पर्ने मौरे त्रिवेणी धामको स्तरोन्नतीको लागि आवश्यक सहयोग गरिनेछ । नगर भित्र रहेका धार्मिक, ऐतिहासिक, साँस्कृतिक महत्वका सम्पदाहरूहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न पहल गरिनेछ भने बुढीगंगा क्षेत्र भित्रमा मनाइने महत्वपूर्ण चाँडपर्वहरूको संरक्षण र प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१२२. होमस्टे, टुरिस्ट गाइड, होटल तथा रेस्टुरेन्ट व्यवस्थापन सम्बन्धी क्षमता विकास गरी व्यवसायमा लाग्न प्रेरित गरिनेछ । बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्रलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) सँग समन्वय गरिनेछ ।

**भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू:**

१२३. बुढीगंगा नगरपालिकाको भवन निर्माण संहिता तथा घरनक्सा पास सम्बन्धी कार्यविधि लागु गरिनेछ । ई-नक्सा पास प्रविधि कार्यान्वयनमा ल्याउनका लागि आवश्यक तयारी गरिनेछ भने नयाँ निर्माण हुने भौतिक संरचनाहरुलाई भूकम्प प्रतिरोधी, बालमैत्री, अपाङ्गमैत्री, ज्येष्ठ नागरिक मैत्री, लैङ्गिकमैत्री तथा वातावरणमैत्री बनाईनेछ ।

१२४. निर्माणाधीन बाम्का-नगरपालिका, बेतालमाण्डौं-त्रिशक्ति-जुवापानी र ताँप्रीसेरा-ब्रमतोला जोड्ने सडकहरूलाई पक्की बनाउने कार्यलाई निरन्तरता दिइनेछ । फालासैन-नवाघर-स्वास्थ्य, स्वास्थ्य चौकी-डेल्टा-आटिचौर, सेरा-बसाली-हातेलेक तथा मालिकाबजार-खप्तड पर्यटक सडक कालोपत्रे गर्ने काम सुरू गरिनेछ । नगरपालिका स्तरीय सबै सडकहरूलाई स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२५. राष्ट्रिय राजमार्ग जोडिने सडकहरू बाह्रै महिना सुचारू गर्नका लागि स्तरोन्नती गर्न, कालोपत्रे गर्न, सडक किनारको क्षेत्र बढाउन, पहिरोग्रस्त क्षेत्रहरूमा पहिरो रोकथाम गर्ने उपायहरू कार्यान्वयन गर्नका लागि सम्बन्धित निकायहरूमा आवश्यक पहल गरिनेछ।

१२६. कार्यान्वनमा आउन नसकेको नगर बस सेवा सञ्चालनका लागि आवश्यक व्यवस्थापनका लागि पहल गरिनेछ। नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक यातायातहरूको रुट निर्धारण गर्न, भाडादर कायम गर्न, यातायात कर निर्धारण गर्न क्रियाशिल बस-जीप व्यवसायीहरूसँग समन्वय गरी कार्यान्वयन गरिनेछ।

१२७. बहुउद्धेश्यीय सभाहल निर्माणका लागि आवश्यक पहल गरिनेछ। वडा नं. ७ को कार्यालय भवन आगामी आ.व. मा निर्माण सम्पन्न गरी प्रशासनिक कामहरू सुरु गरिनेछ।

१२८. बुढीगंगा नगरपालिका क्षेत्र भित्रका सबै प्रकारका सडक निर्माण, स्तरोन्नती तथा मर्मतका कार्य बुढीगंगा नगरपालिकाको नगर यातायात गुरुयोजना अनुरुप गरिनेछ।

१२९. बुढीगंगा नगरपालिकाको भु-उपयोग नीति अनुरुप बस्ती विकास र अन्य आवश्यक क्रियाकलाप गरिनेछ भने मुख्य बजार क्षेत्रलाई शहरीकरण गर्ने र बस्ती एकीकृत गर्नका लागि जग्गा एकिकरण (Land Pooling) को नीति अवलम्बन गरिनेछ।

१३०. बुढीगंगा नगरपालिकामा सम्पन्न हुने भौतिक निर्माणका योजनाहरू लक्षित गरेर दक्ष मिस्त्री, कामदारहरू उत्पादन गर्न मिस्त्री तालिम (Mason Training) सञ्चालन गरिनेछ।

१३१. पूर्वाधार विकास शाखामा कार्यरत कर्मचारीहरूको निम्ति क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३२. पूर्वाधार विकास सँग सम्बन्धित विभिन्न यन्त्रहरू तथा निर्माण सामाग्रीहरूको भौतिक परीक्षणका लागि ल्याब स्थापना गर्न पहल गरिनेछ।

**जलस्रोत, सिँचाइ, ऊर्जा विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू:**

१३३. एक घर, एक धारा अभियानलाई सुचारू गरी नगर भित्रका सबै जनताहरूलाई सुरक्षित र स्वच्छ खानेपानीको पहुँचमा पुर्याइनेछ । साविकका गा.वि.स. हरूमा बृहत् खानेपानी योजना सञ्चालन गरिनेछ। ऐतिहासिक महत्वका पुराना ढुङ्गेधाराहरूको मर्मत सम्भार र पुनःनिर्माण गरिनेछ।

१३४. **उज्यालो र धुँवा रहित बुढीगंगा नगरपालिका** भन्ने लक्ष्यका साथ आगामी आ.व.मा राष्ट्रिय विद्युत प्रशारण लाईन प्रत्येक घरधुरीमा पुर्याइने कार्य सुरु गरिनेछ भने २ वर्ष भित्रमा सबै घरधुरीमा धुँवा रहित सुधारिएको चुलो निर्माण गर्नका लागि आवश्यक तयारी गरिनेछ।

१३५. वडा नं. २ र ३ मा प्रस्ताव गरिएको बुढीगंगा नदीबाट पानी लिफ्टिङ गरिने योजनालाई निरन्तरता दिइनेछ। श्रोत नभएको अन्य ठाउँहरूमा लिफ्टिङ सिँचाइ तथा खानेपानी आयोजना निर्माणका लागि विभिन्न निकायहरूसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ। बुढीगंगा नदीबाट साझेदार निकायको सहयोगमा बुढीगंगा-बाम्मा-मोट्टा लिफ्टिङ खानेपानी तथा सिँचाइ आयोजना सुरु गरिनेछ।

१३६. खेतीयोग्य जमिन, खेती नगरी बाँझो रहेको जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गर्न आवश्यक पहल गरिनेछ। साना किसानहरूका लागि निःशुल्क कृषि हाते औजारहरू, वाटरपम्प वितरण गरिनेछ।

१३७. मुख्य बजार क्षेत्रमा सार्वजनिक खानेपानी धारा निर्माण गरिनेछ भने मुख्य बजार क्षेत्रहरू बल्दे, बाम्का, फालासैन, ताँप्रीसेरा, बेतालमाण्डौं, रिठा, मालिका बजार र सारेदेउदेखी नगरपालिकाको प्रवेशद्वार सम्मको सडक खण्डमा सडक बत्तीहरूको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ।

१३८. ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रममार्फत नवीकरणीय ऊर्जा प्रणालीको संरचना सुदृढ गरिनेछ। बानेगाउँमा रहेको लिफ्ट सिँचाइलाई शुद्ध खानेपानी विस्तारका लागि प्रविधि जडान गरिनेछ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरूः**

१३९. बालविवाह, लागु पदार्थ दुर्व्यशनी, बाल यौन दुर्व्यवहार, बाल श्रम, महिला हिंसा, छाउपडी प्रथा जस्ता हानिकारक व्यवहारको न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। नगरपालिकामा रहेका असहाय, अनाथ बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूका निम्ति सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

१४०. महिला र किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसा, जातीय विभेद र शोषणको अन्त्य गरी बालविवाह, बहुविवाह तथा छाउपडी लगायतका हानिकारक अभ्यासबाट समाजलाई मुक्त गर्ने कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ। हिंसापीडित महिलाको सुरक्षाका लागि राहत, उद्धार, पुनर्स्थापना, कानुनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ।

१४१. लैंगिक तथा घरेलु हिंसा न्यूनीकरणका लागि अभियानहरू सञ्चालन गरिनेछ। हिंसापीडित बालबालिका तथा महिलाहरूको पुनःस्थापनाका लागि मार्तडीमा रहेको अल्पकालीन महिला सुरक्षित आवास गृह व्यवस्थापनका लागि आवश्यक सहयोग गरिनेछ। वडा र नगरस्तरीय विभिन्न सञ्जालहरू गठन, पुनर्गठन गरी परिचालन गरिनेछ। लैंगिक हिंसा प्रभावितहरूको मासिक रुपमा केश पहिचान गरी लगत सङ्कलन गरिनेछ। लागु औषध दुर्व्यशनीमा फसेकाहरूको पुनर्स्थापना गरिनेछ।

१४२. किशोर किशोरीहरूलाई आत्मसुरक्षाका निम्ति विद्यालय स्तरीय आत्मरक्षा तालिम सञ्चालन गरिनेछ। नगरपालिकामा एकजना बालकल्याण अधिकारीको व्यवस्थापन गरिनेछ। नगरपालिकामा बाल कल्याण कोषको स्थापना गरी सञ्चालन गरिनेछ।

१४३. नगरपालिका भित्र गठन गरिने विभिन्न समूह, सञ्जाल, समिति तथा क्लबहरूमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक अल्पसंख्यक, सीमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको समानुपातिक र समावेशी सहभागीताको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

१४४. सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई व्यवस्थित गर्न व्यक्तिको जैविक विवरणलाई राष्ट्रिय परिचय पत्रमा आधारित हुने गरी नयाँ नाम दर्ता र नवीकरण कार्य गरिनेछ। अपाङ्गता परिचय पत्र अध्यावधिक गरिनेछ।

१४५. सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रणालीको व्यवस्थापन तथा नीतिगत रूपमा कार्यान्वयन गर्नका लागि कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ। शाखा रहित बैंकिङ प्रणालीलाफई निरन्तरता दिदै बैंकिङ सेवा नपुगेका वडाहरूमा सेवा बिस्तार गरिनेछ।

१४६. हजार दिनका आमाहरूका निम्ति प्रभावकारी बन्दै आएको **नगर उपप्रमुख कोशेली** कार्यक्रमलाई निरन्तरता दिइनेछ। लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय नारी दिवस लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४७. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको स्तरोन्नती गरिनेछ भने प्रत्येक वडाहरूमा ज्येष्ठ नागरिक क्लबहरू गठन गरिनेछ। बुढीगंगा नगरपालिकालाई महिनावारी स्वच्छतायुक्त, बालबिबाह मुक्त, लैंगिक हिंसामुक्त स्थानीय तह घोषणा गर्न कार्ययोजना सहित कार्यक्रमहरू अगाडि बढाइनेछ।

१४८. ज्येष्ठ नागरिक सीप हस्तान्तरण कार्यक्रम, ज्येष्ठ नागरिक सहयोग तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ भने किशोरकिशोरीहरूलाई आत्मसुरक्षाका निम्ति विद्यालय स्तरीय आत्मरक्षा तालिम सञ्चालन गरिनेछ।

**जलवायु परिवर्तन स्थानीय अनुकूलन, प्राकृतिक स्रोत व्यवस्थापन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरूः**

१४९. खाद्य सुरक्षा र आयआर्जन प्रवर्द्धन गर्न जलवायु-स्मार्ट कृषि तथा कृषि-वन प्रणाली, प्राकृतिक स्रोतहरूको दिगो उपयोग लगायत सामुदायिक वन व्यवस्थापन र वातावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। जस अन्तर्गत जलवायु उत्थानशील कृषि तथा कृषिवन सम्बन्धि क्रियाकलापहरु, जलवायु उत्थानशील सिँचाइ योजनाहरु, लगायत वन समूहहरु तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन सम्बन्धि क्रियाकलापहरु कार्यान्वयन गरिनेछ।

१५०. समुदायको समान सहभागितामा विभिन्न पानीका स्रोतहरूको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। सम्बन्धित सरोकारवाला पक्षहरू जस्तैः निजी क्षेत्र, सहकरी, सामुदायिक संस्था तथा कृषि समूहहरु, सामुदायिक वन उपभोक्ता समूहहरु, नागरिक समाज, कबिलयती तथा निजी वन समुहहरु, खानेपानी तथा सिंचाइ उपभोक्ता समितिहरु सँग कुशल ज्ञान साझेदारी तथा क्षमता विकास गरी समावेशी सुशासन कायम गर्दै लगिनेछ।

१५१. **हरियाली वन, स्थानीय जनताको धन** भन्ने नाराका साथ सामुदायिक वन, कबुलियत वन, निजी वन, बाँझो तथा खाली रहेको क्षेत्रमा महत्वपूर्ण र बहुमूल्य रुखबिरुवा, गैरकाष्ठ वनपैदावार तथा जडीबुटीको वृहत् खेती एवम् वृक्षारोपण गरी वनलाई आयआर्जनसँग जोडिने गरी वन व्यवस्थापन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। शहरी वन कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालय र अन्य निकायसँग साझेदारी गरी मुख्य बजार र सडक क्षेत्रमा वृक्षारोपण गरिनेछ।

१५२. नगरपालिकाको उपयुक्त स्थानमा वनजन्य, फलफुलजन्य, विभिन्न तरकारी बालीहरू, मसलाबालीहरू लगायतका बिरुवा उत्पादन गर्ने उद्देश्यले बहुउद्देश्यीय नर्सरी स्थापना गरिनेछ।

१५३. स्थानीय अनुकूलन कार्ययोजना र विपद् प्रतिकार्य योजनालाई समायनुकूल परिमार्जन र परिष्कृत गर्दै क्रमशः लागु गरिनेछ। वडा नं. १ को अम्कोट, वडा नं. २ को बजेडी, वडा नं. ४ को देनसायल, दुगडीबाडा, वडा नं. ५ को निमनी जस्ता पहिरोको उच्च जोखिममा परेका बस्तीहरूको स्थानान्तरण गर्ने प्रक्रियाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

१५४. साझेदार संस्थाहरूको सहकार्यमा विपद् प्रभावित क्षेत्रहरूमा पूर्व सूचना प्रणाली स्थापना गरिनेछ। प्रत्येक वडाहरूमा सामुदायिक विपद् व्यवस्थापन समिति र विपद् प्रतिकार्य टोली गठन गरी आवश्यकता अनुसार परिचालन गरिनेछ। विपद् व्यवस्थापन सम्बन्धी जनचेतना मुलक कार्यक्रम, क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१५५. स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई अझ व्यवस्थित गरिनेछ। नगर विपद् व्यवस्थापन कोष परिचालन गरी राहत मापदण्ड अनुसार राहत वितरण प्रभावकारी बनाइनेछ।

१५६. विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकमलाई सो कार्य बाहेक अन्य कार्यमा खर्च नगरिने र प्रत्येक वर्ष सो रकमलाई अ.ल्या. गरी कोषमा रकम थप गर्दै जाने व्यवस्था मिलाइनेछ ।

१५७. आगलागी तथा अन्य विपद्हरूलाई मध्येनजर गर्दै प्रत्येक व्यापारिक पसल तथा घरहरूमा आगो निभाउने यन्त्रहरू (Fire Extinguishers) राख्न अभिप्रेरित गरिनेछ भने नगरपालिकामा दमकलको व्यवस्थापनका लागि सम्बन्धित निकायहरूमा पहल गरिनेछ ।

**सूचना प्रविधि, संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति तथा कार्यक्रमहरू:**

१५८. **ई-बुढीगंगा** कार्यक्रम तर्जुमा गरी नगरपालिकाको सबै क्षेत्रमा इन्टरनेट सेवा विस्तार गरिनुका साथै नगरपालिकाबाट प्रवाह हुने सेवालाई सहज, सरल र पहुँच योग्य बनाउन प्रविधिमैत्री बनाइनेछ भने नगरपालिकाले प्रवाह गर्ने सेवालाई अनलाईन प्रणाली मार्फत सञ्चालन गरिनेछ । यस नगरपालिकाको ई-प्रोफाइल निर्माण गरी लागु गरिनेछ ।

१५९. नगरपालिकामा सूचना केन्द्रको व्यवस्थापन गरिनेछ भने डिजिटल नागरिक बडापत्रको स्थापना गरिनेछ । ICT सम्बन्धी कर्मचारीहरूको क्षमता विकास गरिनेछ । नगरपालिकाले प्रवाह गर्ने सेवाहरूलाई सेवाग्राहीप्रति उत्तरदायी बनाउँदै निष्पक्ष, पारदर्शी र जवाफदेहिताका लागि एक वर्ष भित्र गुनासो सुनुवाई संयन्त्रको डिजिटलाइजेशन गरिनेछ ।

१६०. एकीकृत कार्यालय व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक डिजिटल उपकरणहरू खरिद गरि जडान गरिनेछ । नगरपालिकाको भूउपयोग नक्सा तयार गरी बसोबास क्षेत्र, कृषि क्षेत्र, खुला क्षेत्र, वन क्षेत्र, जोखिमयुक्त क्षेत्रहरू प्रस्ट देखिने गरी सार्वजनिक स्थलमा टाँस गरिनेछ ।

१६१. कन्सर्न बाजुरा, मानव सेवा आश्रम लगायत अन्य परोपकारी संस्थाहरूलाई गरिने सहायतालाई निरन्तरता दिइनेछ ।

१६२. नियमित रूपमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण गरी नगरपालिकाले कार्यान्वयन गरेका कामहरूको समीक्षा गरिनेछ । नगरपालिका अन्तर्गत तथा सहकार्यमा सञ्चालन गरिएका पूर्वाधारका योजनाहरूको सार्वजनिक लेखा परीक्षण तथा सार्वजनिक सुनुवाई गरिनेछ ।

१६३. बजेट कार्यान्वयनको अख्तियारी प्राप्त पश्चात तीन महिना भित्र विस्तृत योजना, लागत इस्टिमेट तयार गरी योजना सम्झौता गर्ने र चैत्र महिनामा योजना सम्पन्न गरी आर्थिक वर्षको बैशाख महिना भित्र भुक्तानी प्रदान गर्ने गरी वार्षिक योजना तयार गरी अनिवार्य लागु गरिनेछ भने बेरुजु न्यूनीकरणका लागि आ.ले.प. शाखालाई व्यवस्थित गरिनेछ । हालसम्मको बेरुजु सम्परीक्षण गरिनेछ ।

१६४. गैरसरकारी संस्थाद्वारा सञ्चालन गरिने कार्यक्रमहरू एकद्वार प्रणाली अनुसार कार्यान्वयन गरिनेछ । विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा प्रस्ताव गरिएका कार्यक्रम तथा परियोजनाहरू नियमानुसार लागु गरिनेछ । नगरपालिकामा एउटा छुट्टै साझेदारी कोष निर्माण गरी आवश्यकताका आधारमा सामाजिक तथा आर्थिक विकास, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सामाजिक जागरण तथा सशक्तिकरणका कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१६५. नियमित बजार अनुगमन गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१६६. जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास तालिमको लागि बजेट विनियोजन गरिनेछ । कर्मचारी कल्याण कोषको स्थापना गरी आवश्यक रकम विनियोजन गरिनेछ ।

१६७. रु. १० वा लाख वा सो भन्दा माथिका निर्माण कार्य गर्दा अनिवार्य रुपमा पारदर्शिता बोर्ड (होर्डिङ बोर्ड) राख्ने व्यवस्था मिलाइनेछ ।

**विविधः**

१६८. समयमै गुणस्तरयुक्त काम सक्ने निर्माण व्यवसायी, सबैभन्दा बढी कर तिर्ने करदाता, उत्कृष्ट विद्यालय, उत्कृष्ट कर्मचारी, उत्कृष्ट सहकारी तथा सामाजिक संस्था र बुढीगंगा नगरपालिकाको विकासका लागि विशेष योगदान दिने व्यक्तित्वहरूलाई प्रोत्साहन स्वरुप गरिने सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६९. नेपाल सरकार, प्रदेश सरकार, विभिन्न साझेदार निकायहरूमा प्रस्ताव पेश गरी नवप्रवर्तन कार्यक्रम, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरू कार्यान्यवन गरिनेछ ।

१७०. करारमा कार्यरत एकै तहका कर्मचारीहरूको तलबमा रहेको असमानता हटाई तलब समायोजन गरी एकरुपता र समसामयिक बनाइनेछ । स्वीकृत दरबन्दी तथा साझेदारीमा कार्यरत करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ भने उनीहरूलाई नेपाल सरकारको नियमानुसार महंगी भत्ता उपलब्ध गराइनेछ ।

१७१. आकस्मिक कार्यको प्रयोजनका लागि आकस्मिक कोषको स्थापना गरी बजेट विनियोजन गरिनेछ ।

१७२. वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्तिको अन्त्यमा र वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका आर्थिक वर्षको सुरुवातीमा प्रकाशित गरिनेछ ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव र सहयोग प्रदान गर्ने विभिन्न राजनीतिक दल, नगरकार्यपालिकाका सदस्यहरू, राष्ट्रसेवक कर्मचारी, सञ्चार माध्यम, वुद्धिजीवी, नागरिक समाज, गैरसरकारी संस्था, उद्योगी व्यवसायी लगायत सबै दिदीबहिनी, दाजुभाइप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**

**२०८३ असार ५**